आज मिति २०७८ साल चैत्र ०८ गते मंगलबार विहान ११ बजे देखि यस मनहरी गाउँपालिकाको एघारौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | अध्यक्ष .पा.गा | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गाउपाध्यक्ष .पा. | सदस्य |
| ३. श्री आनन्द घलान | नं २.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नंवडा अध्यक्ष. | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७. नंवडा अध्यक्ष. | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नंवडा अध्यक्ष. | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नंवडा अध्यक्ष. | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं वडा.बा.का.अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नंवडा अध्यक्ष. | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नंवडा अध्यक्ष. | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नंवडा अध्यक्ष. | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक सदस्य/ | सदस्य |
| १७. श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रितसहयोगी/

| | | |
|---|---|---|
| १. श्री अमिर दाहाल | सहायकस्तर | प्रशासन शाखा |

मनहरी गाउँ कार्यपालिका बैठक

२०७८चैत्र ०८ गतेको कार्यपालिका बैठकमा छलफलका विषयवस्तु

१. विभिन्न निर्माणको म्याद थप गर्नको लागि सम्बन्धित निर्माण व्यावशायीबाट निवेदन प्राप्त भएको सम्बन्धमा।

२. ४ नं. वडमा आधारभूत स्वास्थ्य इकाइ तथा वडा कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्ति सम्बन्धमा।

३. नारी हित आपसी विकास संस्थालाई विना प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गर्न दिएको सम्बन्धमा परेको उजूरी उपर सत्यतथ्य अध्ययन गर्न मिती २०७८।१०।३० को निर्णय बमोजिम गठित समितिको प्रतिवेदन सम्बन्धमा।

४. वडास्तरीय योजना परिवर्तन सम्बन्धमा ।

५. साथीभाई फिल्मस् प्रा.लि.ले तयार गरेको मनहरी गीत सम्वन्धमा ।

६. वालश्रम निवारण कार्ययोजना. २०७८ सम्वन्धमा ।

७. वाल संरक्षण (अनुगमन, उद्दार, आपतकालीन सहयोग तथा पुनर्स्थापना) कार्यविधि. २०७८ सम्वन्धमा ।

८. Pविविध

**निर्णयहरु**

१. प्रस्तव नं. १ उपर छलफल हुँदा तपशिलमा उल्लेखित निर्माण कार्य गर्न भएको निर्माण ब्यवसायीसंगको संझौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेको विषयमा प्राप्त निवेदन सम्वन्धमा कार्यालयवाट भएको जाँचवुझ र प्राविधिकहरुको सिफारिसको आधारमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ६ मा नवढने गरी म्याद थप गर्ने ।

| ठेक्का नं. | कामको विवरण | ठेकेदार | संझौता मिति | का.स. हुनुपर्ने मिति | म्याद थप मांग | म्याद थपिएको मिति |
|---|---|---|---|---|---|---|
| १२/०७६-०७७ | वडा नं. ९ को कार्यालय भवन | रत्न कुमारी एण्ड सन्स विल्डर्स | २०७७/०३/१२ | २०७८/११/२७ | २०७९/०१/३१ | २०७९/०१/३१ |
| ११/०७६-०७७ | वडा नं. ७ को कार्यालय भवन | रत्न कुमारी एण्ड सन्स विल्डर्स | २०७७/०३/१२ | २०७८/११/२७ | २०७९/०१/३१ | २०७९/०१/३१ |
| १/०७७-०७८ | रुपाचुरी वाटो स्तरिकरण | जय भैरव निर्माण सेवा | २०७७/१०/१९ | २०७८/११/०५ | २०७९/०२/०४ | २०७९/०२/०४ |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा वडा नं. ४ मा आ.ब.२०७५/०७६ मा वोलपत्र आह्वान गरी संझौता समेत भैसकेकोमा सो स्थानमा नम्बरी जग्गा अभावका कारण निर्माण कार्य सुरु हुन नसकेकोमा सानुकान्छा तिटुङले १८२० नं. को कित्तावाट ०-२-०-०, सितामाया थिङ र भाईराम थोकरले १६७१ को कित्तावाट



मनहरी गाउँकार्यपालिका बैठक

एकराज उप्रेती
अध्यक्ष

०-१-०-० रजिष्ट्रेशन पास गरी जग्गा निशुल्क दिने इच्छा समेत व्यक्त भएकोले सो जग्गामा स्वास्थ्य इकाई भवन निर्माणका लागि जग्गा प्राप्तिको प्रकृया अगाडि बढाउने तथा वडा कार्यालयको सिफारिस समेतको आधारमा नर्सिङ टाँडी आसपासमा रहेको रामहरी विष्टले परापुर्व कालदेखि भोगचलन गर्दै आउनु भएको पुर्व तटवन्धन सहितको बाटो पश्चिममा आफ्नै उत्तरमा आफ्नै र दक्षिणमा मैया विष्ट यति चार किल्ला भित्रको भोगचलन गरेको एलानी जग्गा निज रामहरी विष्टले ०-२-०-० निशुल्क रुपमा राजिखुसी दिन मन्जुरीनामा सहितका कागजातहरु पेश गर्नु भएकोले स्थलगत रुपमा अध्ययन गरी प्राप्त प्रतिवेदनका आधारमा वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्त गर्ने तर्फ आवश्यक प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा स्वीकृतिका लागि पत्राचार गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडा कार्यालयको प.सं. २०७८/०७९ स्था. ४८८ च.नं.१८२७/१७६३८ मिति २०७८/१०/०२ को पत्रानुसार मिति २०७५/१२/२१ मा विभिन्न ७ वटा कार्यक्रमको नक्कली सुचनाका आधारमा २४ लाख ६० हजार खर्च गरेको मध्ये सम्वन्धित गाउँपालिका उपाध्यक्ष श्री मनिला विष्टको नाममा दर्ता भएको नारी हित आपसी विकास केन्द्रले विना प्रतिस्पर्धा एवम् फर्जी कागज बनाई रु १७२०००० रकमको विभिन्न कार्यक्रम संचालन गरी सरकारी रकम हिनामिना गरेकोमा आवश्यक कारवाहीका लागि लेखि पठाईएको सम्वन्धमा मिति २०७८/१०/२० गतेको कार्यपालिका बैठकले गठन गरेको छानविन समितिले तयार गरेको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भयो। प्राप्त प्रतिवेदन अनुसार सो सस्थाले कार्यालयसंग भएको सम्झौता अनुसारको काम सम्पन्न गरेको भनी प्रतिवेदन पेश गरी भुक्तानी लिएकोमा छानविनको क्रममा सम्झौता अनुसारको काम पूरा गरेको नपाईएको हुँदा गाउँपालिकालाई कानून वमोजिम कर सहित रु. ९ लाख ५८ हजार हानी नोक्सानी हुन गएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५४ को उपदफा १ बमोजिम सरकारी नगद रकम दुरुपयोग तथा मस्यौट भएको देखिएकोले भुक्तानी भएको मिति देखि लागु हुने गरी सरकारी वाँकी सरह सम्वन्धित नारी हित आपासी विकास केन्द्रका जिम्मेवार पदाधिकारीहरुवाट १५ दिन भित्र कार्यालयले असुल उपर गराउने र उक्त अवधिभित्र रकम असुल उपर नभएमा सम्बन्धित निकायमा कानूनी प्रक्रियाको लागि अगाडी बढाउने निर्णय गरियो । साथै नारी हित आपसी विकास केन्द्रलाई यस मनहरी गाउँपालिका र अन्तर्गतका निकायको कुनै कार्यक्रम गर्न नपाउने गरि कालो सुचिमा राख्ने र आगामी दिनहरुमा यस्ता हानी नोक्सानी हुने कार्य नगर्न नगराउन सबै सरोकारवाला पक्षहरुलाई सजग गराउने निर्णय गरियो ।

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा नवौं गाउँसभावाट भएको निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनको क्रममा रहेका स्वीकृत योजनाहरुको नाम नमिलेमा सो नाम संशोधन गर्न सकिने ब्यवस्था भएकाले देहायका योजनाहरुको नाम सम्वन्धित वडा कार्यालयहरुको सिफारिस अनुसार संशोधन गरी संशोधित नाम अनुसार योजना संचालन गर्ने निर्णय गरियो।

| वडा नं. | योजनाको नाम, ठेगाना | रकम | संशधित नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|
| ९ | रमौली जाने प्रवेशद्धार सि.नं.२४२ | | समिल डाँडाको खेलको बिचको बाटो ग्राभलिङ | |
| ४ | डिप बोरिङ डोलाबारी खानेपानी टंकी संरक्षण सि.नं. १७३ | २ लाख | डिप बोरिङ डोलाबारी खानेपानी बाटो मर्मत | |

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा मनहरी गीत निर्माणको लागि गाउँपालिकाले प्रस्ताव आव्हान गरी सबै भन्दा घटि रकममा गीत तयार गर्नको लागि प्रस्ताव पेश गर्ने साथीभाइ फिल्मस प्रा.लि.संग कार्यालयले गरेको सम्झौता तथा कार्यदिश बमोजिममनहरी गीत समेत तयार गरेको र आजको बैठकमा सोको प्रस्तुतीकरण समेत भयो । वडा कार्यालय तथा स्वास्थ्य र विकासका थप गतिविधिहरु समेटी गीतको समय अवधी बढाई उक्त गीत कार्यालयले प्राप्त गरी भुक्तानीको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्तव नं. ६ उपर छलफल गर्दा वालश्रम निवारण कार्ययोजना, २०७८ को मस्यौदा उपयुक्त देखिएकाले कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गर्ने र राजपत्रमा प्रकाशन गरी कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. प्रस्तव नं. ७ उपर छलफल गर्दा वाल संरक्षण (अनुगमन उद्दार आपतकालीन सहयोग तथा पुनस्थापना) कार्यविधि, २०७८ मस्यौदा उपयुक्त देखिएकाले कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गर्ने र राजपत्रमा प्रकाशन गरी कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. विविध सम्बन्धमा देहाय अनुसार निर्णय गरियो

८.१ प्रदेश सरकारसंगको संमपुरक अनुदानमा डिल्लीपुर बाटो स्तरिकरणको लागि शिलबन्दि वोलपत्र आव्हान गरिएकोमा सो योजना वोलपत्र अङ्कभन्दा कम रकममा ठेक्का स्विकृत भइ सम्झौता समेत भइ सकेको हुँदा गाउँपालिका तर्फको ठेक्का लगाइ बचत हुन आएको रकम वडा समितिको २०७८/१२/७ को निर्णय अनुसार फारलाइन पश्चिम तर्फको बाटो स्तरीकरणको शिर्षकमा विनीयोजन गरि उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो ।



मोहन कुमार श्रेष्ठ
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

मोहन कुमार श्रेष्ठ
प्रशासकीय अधिकृत

८.१ मकवानपुर जिल्ला हेटौडा उपमहानगरपालिका वडा नंस्थित शिवशक्ति ईन्फ्रा डेभलपर्स प्रा ४ ..लिका . २०७८ संचालक लक्ष्मी प्रसाद पाठकले मकवानपुर जिल्ला अदालतमा-CPको करार बमोजिमको ०५९४- रकम क्षतिपुर्ति दिलाई पाउँ भनि मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको विरुद्ध भएको मुद्दा दायर सम्बन्धमा छलफल हुँदा गाउँ कार्यपालिकाको तर्फबाट उक्त मुद्दा प्रतिरक्षाका लागि सम्मानित अदालत समक्ष अन्तरकालिन आदेश वदर गर्ने, निवेदन, लिखित जवाफ तयार गर्ने, बहस पैरवि गर्ने लगायतका कानुन ब्यवसायीले जे जति जसरी काम गर्नु पर्ने हो सो सबै कार्यहरु गर्न वरिष्ठ अधिवक्ता श्री एकराज बास्तोला र अधिवक्ता श्री मुकुन्द अधिकारी द्वयलाई अख्तीयारी तोक्ने । तोकिएका कानुन ब्यवसायीहरुलाई दिनुपर्ने पारिश्रमिक लगायतका सेवा शुल्कहरु गाउँ कार्यपालिका कार्यालयसंगको सम्झौता बमोजिम गाउँपालिका चालू तर्फ अमानतमा नदीजन्य पदार्थ संकलन तथा व्यवस्थापन खर्चमा विनियोजित बजेट शिर्षकवाट नियमानुसार खर्च गर्ने ।

उपरोक्त निर्णय छलफलका साथै सर्वसम्मत निर्णय गरि बैठक सम्पन्न गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

एकराज उप्रेती
अध्यक्ष

मनहरी गाउँकार्यपालिका बैठक